# वि.सं.२०८२
# नव वर्षको हार्दिक शुभ-कामना




समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति च. नं. ०७८/८२ बाट स्वीकृति प्राप्त

सौजन्य : लक्ष्मी सन्राइज बैंक

# बजेटिङ्ग



गीता पौडेलले जागिर सुरु गर्दा उनको तलब राम्रै थियो । उनले हौसिएर साथीहरुसँग घुमफिर गर्ने, महँगो सामान किन्ने, जस्ता विलासितामा धेरै खर्च गर्दा कमाएको पैसा बचत हुन सकेको थिएन । एकदिन गाउँको वित्तीय साक्षरता कार्यक्रममा सहभागी हुँदा, आपतको बेलाको लागि बचतको महत्व थाहा पाएपछि उनले आफ्नो मासिक आम्दानीको केही हिस्सा बचत गर्न सुरु गरिन् । केही महिनापछि उनका ससुरा अचानक बिरामी पर्दा, उनले आपतकालीन अवस्थाको लागी बचत गर्दै आएको पैसा नै उपचारमा काम लाग्यो । उनी आर्थिक संकटबाट जोगिइन् ।

## लक्ष्मी दिदी भन्नुहुन्छ,

- आम्दानी तथा खर्चको मासिक/वार्षिक बजेट बनाऔं।
- अनावश्यक खर्च कटौती गरेर आम्दानीको निश्चित भाग बचत गर्ने गरौं।
- बजेट अनुसारको आम्दानी तथा बचत भए नभएको नियमित रूपमा समिक्षा गरौं।



## वैशाख २०८२ — Apr/May 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | १ 14 प्रतिपदा | २ 15 द्वितीया | ३ 16 तृतीया | ४ 17 चौथी | ५ 18 पञ्चमी | ६ 19 षष्ठी |
| ७ 20 सप्तमी | ८ 21 अष्टमी | ९ 22 नवमी | १० 23 दशमी | ११ 24 एकादशी | १२ 25 द्वादशी | १३ 26 त्रयोदशी/चतुर्दशी |
| १४ 27 औंसी | १५ 28 प्रतिपदा | १६ 29 द्वितीया | १७ 30 तृतीया | १८ 01 चौथी | १९ 02 पञ्चमी | २० 03 षष्ठी |
| २१ 04 सप्तमी | २२ 05 अष्टमी | २३ 06 नवमी | २४ 07 दशमी | २५ 08 एकादशी | २६ 09 द्वादशी | २७ 10 त्रयोदशी |
| २८ 11 चतुर्दशी | २९ 12 पूर्णिमा | ३० 13 प्रतिपदा | ३१ 14 द्वितीया | | | |

१ गते नववर्ष। १४ गते आमाको मुख हेर्ने दिन/मातातिर्थ औंशी। १८ गते विश्व मजदुर दिवस। २९ गते बुद्ध जयन्ती/उभौली पर्व।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सनराइज बैंक

# लगानीको सही समय र अवसर



जागिरे गीता आफ्नो बचतलाई लगानीमा परिणत गर्न पाए अझै राम्रो हुने थियो भन्ने सोचमा थिइन् । उनलाई उनकी साथीले आम्दानीलाई मुद्दती खातामा बचत गर्ने, Mutual Fund, सेयर वा SIP मा लगानी गर्न सकिने बताइन् । साथीकै सुझाव अनुसार अघि बढेर बचतलाई लगानीमा परिणत गर्न थालेदेखि उनको लगानीको रकम बढ्दै गइरहेको छ । यसले उनलाई वित्तीय रूपमा सक्षम पनि बनाँउदै लगेको छ ।

लक्ष्मी दिदी भन्नुहुन्छ,

- बचत गर्दै लगेको रकमलाई सुरक्षित रूपमा लगानी गर्ने गरौं।
- लगानीका विकल्पहरु जस्तै SIP, Mutual Fund र मुद्दती निक्षेप आदि बारे बुझौं।
- लगानी गर्दा सम्बन्धित जानकार व्यक्तिको सुझाव लिने गरौं ।



## जेष्ठ २०८२ — May/Jun 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | १ 15 तृतीया | २ 16 चौथी | ३ 17 पञ्चमी |
| ४ 18 षष्ठी | ५ 19 सप्तमी | ६ 20 अष्टमी | ७ 21 नवमी | ८ 22 दशमी | ९ 23 एकादशी | १० 24 द्वादशी |
| ११ 25 त्रयोदशी | १२ 26 चतुर्दशी | १३ 27 औंसी | १४ 28 प्रतिपदा/द्वितीया | १५ 29 तृतीया | १६ 30 चौथी | १७ 31 पञ्चमी |
| १८ 01 षष्ठी | १९ 02 सप्तमी | २० 03 अष्टमी | २१ 04 नवमी | २२ 05 दशमी | २३ 06 एकादशी | २४ 07 एकादशी |
| २५ 08 द्वादशी | २६ 09 त्रयोदशी | २७ 10 चतुर्दशी | २८ 11 पूर्णिमा | २९ 12 प्रतिपदा | ३० 13 द्वितीया | ३१ 14 तृतीया |

१५ गते गणतन्त्र दिवस।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्



समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सन्राइज बैंक

# KYC अपडेट र बैंक खाता व्यवस्थापन

सञ्जुले गोरखाबाट चितवन बसाइँ सराइ गर्दा व्यस्तताको कारण बैंकबाट खाता अपडेट गर्न आएको अनुरोध प्रति खासै चासो राखिनन् । चितवन आएपछि उनले छिमेकीको पसलमा सामान किनमेल गरेको रकम क्युआर (QR) बाट भुक्तानी दिन थालिन्, तर उनको खाताबाट कारोबार भएन । उनले तुरुन्तै गोरखाकी साथी गीतासँग फोन गर्दा गीताले बैंकमा सम्पर्क गर्न सुझाव दिइन् । पछि बुझ्दा समयमै आफ्नो KYC Update नगरेकोले बैंकले खाता सञ्चालनमा रोक लगाएको जानकारी पाइन् ।






## लक्ष्मी दिदी भन्नुहुन्छ,

- समयमा नै आफ्नो खाता विवरण जस्तै ठेगाना, कारोबार र सम्पर्क जानकारीहरू अद्यावधिक गराऔं।
- आफ्नो व्यक्तिगत विवरण परिवर्तन हुने बित्तिकै बैंकलाई जानकारी गराउने गरौं।
- आपतकालीन स्थितिमा जोखिम कम गर्न आफ्नो व्यक्तिगत जानकारी अद्यावधिक गराऔं।

## असार २०८२ — Jun/Jul 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| १ 15 चौथी | २ 16 पञ्चमी | ३ 17 षष्ठी | ४ 18 सप्तमी | ५ 19 अष्टमी | ६ 20 नवमी/दशमी | ७ 21 एकादशी |
| ८ 22 द्वादशी | ९ 23 चतुर्दशी | १० 24 चतुर्दशी | ११ 25 औँसी | १२ 26 प्रतिपदा | १३ 27 द्वितीया | १४ 28 तृतीया |
| १५ 29 चौथी | १६ 30 पञ्चमी | १७ 01 षष्ठी | १८ 02 सप्तमी | १९ 03 अष्टमी | २० 04 नवमी | २१ 05 दशमी |
| २२ 06 एकादशी | २३ 07 द्वादशी | २४ 08 त्रयोदशी | २५ 09 चतुर्दशी | २६ 10 गुरू पूर्णिमा | २७ 11 प्रतिपदा | २८ 12 द्वितीया |
| २९ 13 तृतीया | ३० 14 चौथी | ३१ 15 पञ्चमी | ३२ 16 षष्ठी | | | |

१५ गते दही चिउरा खाने दिन (राष्ट्रिय धान दिवस)।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वितीय ज्ञान

सौजन्य : लक्ष्मी सन्राइज बैंक

# कर्जा व्यवस्थापन र सदुपयोग



विदेशबाट फर्केर कृषि व्यवसाय सुरु गर्न लागेका दाइलाई गीताले बैंकबाट कर्जा लिन सल्लाह दिइन् । दाइले त्यही कर्जाबाट व्यवसाय सुरु गरे र आम्दानी पनि राम्रै हुन थाल्यो । उनले हौसिएर आम्दानीबाट समयमा किस्ता नतिरी अन्य व्यवसायमा लगानी गर्न थाले । यसले गर्दा बैंक कर्जाको उनले नियमित किस्ता तिर्न र ब्याज भुक्तानी गर्न सकेनन् ।

*लक्ष्मी दिदी भन्नुहुन्छ,*

- कर्जा जुन प्रयोजनका लागि लिइएको हो सोही प्रयोजनमा मात्र उपयोग गरौं।
- कर्जाका फाइदा र जोखिमहरुलाई राम्रोसँग बुझेर मात्र जिम्मेवारीका साथ कर्जा लिने निर्णय गरौं।
- कर्जाको व्यवस्थापन, प्रभावकारी उपयोग र नियमित किस्ता तिर्ने अभ्यासलाई निरन्तरता दिऔं ।




## साउन २०८२ — Jul/Aug 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | १ 17 सप्तमी | २ 18 अष्टमी | ३ 19 नवमी |
| ४ 20 दशमी | ५ 21 एकादशी | ६ 22 द्वादशी/त्रयोदशी | ७ 23 चतुर्दशी | ८ 24 औंसी | ९ 25 प्रतिपदा | १० 26 द्वितीया |
| ११ 27 तृतीया | १२ 28 चौथी | १३ 29 पञ्चमी | १४ 30 षष्ठी | १५ 31 सप्तमी | १६ 01 अष्टमी | १७ 02 अष्टमी |
| १८ 03 नवमी | १९ 04 दशमी | २० 05 एकादशी | २१ 06 द्वादशी | २२ 07 त्रयोदशी | २३ 08 चतुर्दशी | २४ 09 पूर्णिमा |
| २५ 10 प्रतिपदा | २६ 11 द्वितीया | २७ 12 तृतीया | २८ 13 चौथी | २९ 14 पञ्चमी/षष्ठी | ३० 15 सप्तमी | ३१ 16 अष्टमी |


१ गते साउने संक्रान्ती। १५ गते खिर खाने दिन। २४ गते जनै पूर्णिमा/ रक्षाबन्धन।
२५ गते गाईजात्रा (काठमाडौं उपत्यका बिदा/ देशभरका नेवार समुदायका लागि बिदा)। ३१ गते श्रीकृष्ण जन्माष्टमी।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सन्राइज बैंक

# खाताको प्रयोग




गीताकी बहिनी सरिताले आफ्नो साथीलाई विश्वास गर्दै आफ्नो खाता सञ्चालनको अधिकार दिइन् । साथीले सरितालाई खाता चलाउन दिए बापत केही रकम पनि दिने गर्थिन् । एकदिन सरिताले आफ्नो खातामा धेरै कारोबार भएको कुरा दिदी गीतालाई सुनाइन् । गीताले सरितालाई यसरी आफ्नो खाता अरूलाई प्रयोग गर्न दिँदा खाताको प्रयोग Digital Fraud जस्ता गैर कानूनी काममा प्रयोग हुन सक्ने र आफू पनि कानुनी कारवाहीमा पर्न सकिने हुनाले सतर्क रहन र आफ्नो खाता अरूलाई चलाउन नदिन सुझाव दिइन् ।

## लक्ष्मी दिदी भन्नुहुन्छ,

- आफ्नो खाता सञ्चालनको अधिकार अरु कसैलाई पनि नदिऔं ।
- खाली चेकमा हस्ताक्षर गरी कसैलाई दिँदा हुन सक्ने जोखिमबारे बुझौं ।
- विश्वास गरी खाता, ATM Card अरूलाई प्रयोग गर्न दिँदा समस्यामा पर्न सकिने कुरा बुझौं।



## भदौ २०८२

## Aug/Sep 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| १ 17 नवमी | २ 18 दशमी | ३ 19 एकादशी | ४ 20 द्वादशी | ५ 21 त्रयोदशी | ६ 22 चतुर्दशी | ७ 23 कुशे औंसी |
| ८ 24 प्रतिपदा | ९ 25 द्वितीया | १० 26 तृतीया | ११ 27 चौथी | १२ 28 ऋषिपञ्चमी | १३ 29 षष्ठी | १४ 30 सप्तमी |
| १५ 31 अष्टमी | १६ 01 नवमी | १७ 02 दशमी | १८ 03 एकादशी | १९ 04 द्वादशी | २० 05 त्रयोदशी | २१ 06 चतुर्दशी |
| २२ 07 पूर्णिमा | २३ 08 प्रतिपदा | २४ 09 द्वितीया | २५ 10 तृतीया | २६ 11 चौथी | २७ 12 पञ्चमी | २८ 13 षष्ठी |
| २९ 14 सप्तमी | ३० 15 अष्टमी/नवमी | ३१ 16 दशमी | | | | |

७ गते बुवाको मुख हेर्ने दिन/कुशे औंशी। १० गते हरितालिका तीज (महिला कर्मचारीलाई बिदा)। १५ गते गौरा पर्व (गौरा पर्व मनाउनेलाई बिदा)।
२१ गते इन्द्र जात्रा (काठमाडौं उपत्यका बिदा)। २९ गते राष्ट्रिय बाल दिवस। ३० गते जितिया पर्व (जितिया पर्व मनाउने महिला कर्मचारीलाई बिदा)।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सन्राइज बैंक

# सफा नोट



गीता दशैँमा टीका लगाउन स-परिवार मामाघर गइन् । टीका, जमरा सहित मामाघरको हजुरबुबाले पानी र अबिर लागेको हातले दक्षिणा दिए । यसरी नोटको जतन नगरिएको देखेपछि गीताले नोट त सधैँ सफा राख्नुपर्छ, यसको सुरक्षा गर्नुपर्छ भनेर हजुरबुबालाई सम्झाइन् ।

लक्ष्मी दिदी भन्नुहुन्छ,



- नोटको प्रयोगमा विशेष सतर्कता अपनाऔं।
- नोटमा पानी, रंग लगाउने तथा केरमेट गर्ने नगरौं।
- नोट राष्ट्रको सम्पत्ति भएकोले यसको जतन नगरे कानुनी कारबाही समेत हुने कुरा नबिर्सौं।

## असोज २०८२ Sep/Oct 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | १ 17 एकादशी | २ 18 द्वादशी | ३ 19 त्रयोदशी | ४ 20 चतुर्दशी |
| ५ 21 औँसी | ६ 22 प्रतिपदा | ७ 23 द्वितीया | ८ 24 तृतीया | ९ 25 चौथी | १० 26 चौथी | ११ 27 पञ्चमी |
| १२ 28 षष्ठी | १३ 29 सप्तमी | १४ 30 अष्टमी | १५ 01 नवमी | १६ 02 दशमी | १७ 03 एकादशी | १८ 04 द्वादशी |
| १९ 05 त्रयोदशी | २० 06 चतुर्दशी | २१ 07 पूर्णिमा | २२ 08 प्रतिपदा/द्वितीया | २३ 09 तृतीया | २४ 10 चौथी | २५ 11 पञ्चमी |
| २६ 12 षष्ठी | २७ 13 सप्तमी | २८ 14 अष्टमी | २९ 15 नवमी | ३० 16 दशमी | ३१ 17 एकादशी | |

१ गते विश्वकर्मा पूजा। ३ गते संविधान दिवस। ६ गते घटस्थापना। १३ गते फूलपाती। १४ गते महाअष्टमी। १५ गते महानवमी। १६ गते विजया दशमी/बडा दशैं। १७ गते एकादशी। १८ गते दशैं बिदा।


भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्



समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सन्राइज बैंक

# रेमिट्यान्स




गीताको दाजुले विदेशबाट उनलाई तिहारको दक्षिणा स्वरूप केही पैसा पठाएका थिए । व्यक्तिको साथमा पठाएकोले सो दक्षिणा गीताले तिहारपछि प्राप्त गर्दा खासै रमाइलो भएन । गीताले दाजुलाई फोन गरेर आधिकारिक माध्यमबाट पैसा पठाउँदा सही समयमा आइपुग्ने र सुरक्षित पनि हुने कुरा सुनाइन् । बहिनीको यस्तो कुरा सुनेपछि उनका दाजुले अब पैसा पठाउँदा आधिकारिक माध्यम मात्र रोज्ने प्रण गरे ।



## लक्ष्मी दिदी भन्नुहुन्छ,

- औपचारिक माध्यमबाट मात्र रेमिट्यान्स पठाउने गरौँ।
- रेमिट्यान्स खातावालालाई आरक्षित गरीएको साधारण शेयर (IPO) को आवेदन दिने अवसरको प्रयोग गरौँ।
- रेमिट्यान्सबाट प्राप्त पैसाको सही सदुपयोग र लगानी गर्ने गरौँ ।

## कार्तिक २०८२ — Oct/Nov 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| ३० 16 द्वादशी | | | | | | १ 18 द्वादशी |
| २ 19 त्रयोदशी | ३ 20 चतुर्दशी | ४ 21 औँसी | ५ 22 प्रतिपदा | ६ 23 द्वितीया | ७ 24 तृतीया | ८ 25 चौथी |
| ९ 26 पञ्चमी | १० 27 षष्ठी | ११ 28 सप्तमी | १२ 29 अष्टमी | १३ 30 नवमी | १४ 31 दशमी | १५ 01 एकादशी |
| १६ 02 द्वादशी | १७ 03 त्रयोदशी | १८ 04 चतुर्दशी | १९ 05 पूर्णिमा | २० 06 प्रतिपदा | २१ 07 द्वितीया | २२ 08 तृतीया |
| २३ 09 चौथी | २४ 10 पञ्चमी | २५ 11 षष्ठी/सप्तमी | २६ 12 अष्टमी | २७ 13 नवमी | २८ 14 दशमी | २९ 15 एकादशी |

२ गते काग तिहार। ३ गते कुकुर तिहार/ लक्ष्मी पूजा। ४ गते गाई तिहार। ५ गते गोरु तिहार/ गोवर्धन पूजा/ म्ह पूजा/ ने.सं. ११४६ प्रारम्भ।
६ गते भाईटीका। ७ गते तिहार बिदा। १० गते छठ पर्व। २५ गते फाल्गुनन्द जयन्ती (किराँत धर्मावलम्बीलाई बिदा)।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सन्राइज बैंक

# डिजिटल वित्तीय सेवाहरुको प्रयोग



सदरमुकाम टाढा भएकाले गाउँलेहरू सबैलाई बत्ती, पानीको पैसा तिर्न जान धेरै समय लाग्थ्यो । त्यही समय जोगाउन गाउँलेहरुले गाउँकै राजेशलाई सबैको पैसा तिर्न सदरमुकाम पठाउँदै थिए । गीताले यो कुरा थाहा पाइन् र घरमै बसीबसी डिजिटल माध्यमबाट पैसा तिर्न सकिने कुरा गाउँलेहरुलाई बताइन् । डिजिटल माध्यमबाट पैसा तिर्दा छुट पनि पाउन सकिने, घण्टौंसम्म लाइन बस्नु नपर्ने, समयको बचत हुने र सबै कारोबारको डिजिटल रेकर्ड सुरक्षित रहने कुरा थाहा पाएपछि गाउँलेहरू खुसी भए ।

लक्ष्मी दिदी भन्नुहुन्छ,




- डिजिटल बैंकिङ सेवाको बारेमा बैंक तथा जानकारवालासँग बुझ्ने गरौं ।
- नगद भन्दा डिजिटल कारोबार गर्ने बानी बसालौं ।
- डिजिटल सेवा प्रयोग गर्दा हुने फाइदाहरुको बारेमा बुझौं र बुझाऔं ।

## मंसिर २०८२ — Nov/Dec 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | १ 17 त्रयोदशी | २ 18 त्रयोदशी | ३ 19 चतुर्दशी | ४ 20 औंसी | ५ 21 प्रतिपदा | ६ 22 द्वितीया |
| ७ 23 तृतीया | ८ 24 चौथी | ९ 25 विवाह पञ्चमी | १० 26 षष्ठी | ११ 27 सप्तमी | १२ 28 अष्टमी | १३ 29 नवमी |
| १४ 30 दशमी | १५ 01 एकादशी | १६ 02 द्वादशी | १७ 03 त्रयोदशी | १८ 04 चतुर्दशी/पूर्णिमा | १९ 05 प्रतिपदा | २० 06 द्वितीया |
| २१ 07 तृतीया | २२ 08 चौथी | २३ 09 पञ्चमी | २४ 10 षष्ठी | २५ 11 सप्तमी | २६ 12 अष्टमी | २७ 13 नवमी |
| २८ 14 दशमी | २९ 15 एकादशी | | | | | |


१७ गते अन्तर्राष्ट्रिय अपाङ्ग दिवस। १८ गते उधौली पर्व/धान्य पूर्णिमा (किराँत समुदायको उधौली पर्व)/ योमरी पुन्हि (ज्यापु दिवस)।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य : लक्ष्मी सन्‌राइज बैंक

# डिजिटल कारोबारको सुरक्षा




गीताकी साथी रेखाले अनलाइन सपिङ गरेकी थिइन् । उनले आफूले मगाएको सामानको पैसा तिरिन् तर २४ घण्टाभित्र आइपुग्छ भनेको सामान ७ दिनसम्म पनि आएन । उनले यो कुरा गीतालाई सुनाउँदा गीताले उनीहरूको अरू साथीहरू पनि पहिले यसरी नै ठगीमा परेको कुरा बताइन् । अबका दिनमा अनलाइन सपिङ गर्दा अनलाइन कम्पनीको विश्वसनीयता बुझेर मात्रै कारोबार गर्न र ठगी हुनबाट आफू बच्न र अरूलाई पनि बचाउन गीताले सल्लाह दिइन् ।

## लक्ष्मी दिदी भन्नुहुन्छ,

- मोबाईल बैंकिङ एप, डिजिटल वालेट तथा विद्युतीय भुक्तानी सेवाहरुलाई सुरक्षित तरिकाले प्रयोग गरौं ।
- भुक्तानी गर्दा प्राप्तकर्ताको नाम, खाता नम्बर र रकमजस्ता विवरणहरु ध्यानपूर्वक जाँच गरौं ।
- ओटिपी, पासवर्ड सेयर नगरौं, बैंकले कहिल्यै पनि यस्ता गोप्य विवरण माग्दैन भन्ने कुरा बुझौं ।



## पुष २०८२ — Dec 2025/Jan 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | १ 16 द्वादशी | २ 17 त्रयोदशी | ३ 18 चतुर्दशी | ४ 19 औंसी | ५ 20 प्रतिपदा |
| ६ 21 प्रतिपदा | ७ 22 द्वितीया | ८ 23 तृतीया | ९ 24 चौथी | १० 25 पञ्चमी | ११ 26 षष्ठी | १२ 27 सप्तमी |
| १३ 28 अष्टमी/नवमी | १४ 29 दशमी | १५ 30 एकादशी | १६ 31 द्वादशी | १७ 01 त्रयोदशी | १८ 02 चतुर्दशी | १९ 03 पूर्णिमा |
| २० 04 प्रतिपदा | २१ 05 द्वितीया | २२ 06 तृतीया | २३ 07 चौथी | २४ 08 पञ्चमी | २५ 09 षष्ठी | २६ 10 सप्तमी |
| २७ 11 अष्टमी | २८ 12 नवमी | २९ 13 दशमी | ३० 14 एकादशी | | | |

१० गते क्रिसमस-डे। १५ गते तमु ल्होछार। २७ गते पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस)।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

# डिजिटल सुरक्षा र वित्तीय संरक्षण

गीता र उनका साथी उमेश गफ गर्दै गर्दा, उमेशले आफ्नो मोबाइलमा एक आकर्षक आर्थिक प्रस्तावको लिङ्कमा क्लिक गर्न पुगे। त्यसपछि अपरिचित नम्बरबाट पुरस्कारको लागि तुरुन्तै उनको मोबाइलमा एसएमएस आएको चार नम्बरको कोड नम्बर भन्नुहोस् भन्दै फोन आयो। गीताले कोड नम्बर नदिन सुझाव दिइन्। उनीहरूले शंका गर्दै हतार हतार बैंकमा सम्पर्क गरे र बैंकले कहिल्यै पनि व्यक्तिगत गोप्य विवरणहरू जस्तै पिन कोड, खाता नम्बर, पासवर्ड, CVV, OTP आदि नमाग्ने कुरा थाहा पाए। उमेश ठगीबाट बच्न सफल भए। यस घटनाले उनलाई डिजिटल ठगीको बारेमा सचेत बनायो।






## लक्ष्मी दिदी भन्नुहुन्छ,

- आफ्नो खाता नम्बर, पिन कोड, पासवर्ड, ID सुरक्षित राखौं।
- बलियो पासवर्ड प्रयोग गरी आफ्नो व्यक्तिगत र वित्तीय जानकारी सुरक्षित राखौं।
- अरूको लोभ र लालचमा परी आफ्नो खाताको प्रयोग गर्न कसैलाई नदिऔं।

## माघ २०८२ — Jan/Feb 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | १ 15 द्वादशी | २ 16 त्रयोदशी | ३ 17 चतुर्दशी |
| ४ 18 औंसी | ५ 19 प्रतिपदा | ६ 20 द्वितीया | ७ 21 तृतीया | ८ 22 चौथी | ९ 23 पञ्चमी | १० 24 षष्ठी |
| ११ 25 सप्तमी | १२ 26 अष्टमी | १३ 27 नवमी | १४ 28 दशमी | १५ 29 एकादशी | १६ 30 द्वादशी | १७ 31 त्रयोदशी/चतुर्दशी |
| १८ 01 पूर्णिमा | १९ 02 प्रतिपदा | २० 03 द्वितीया | २१ 04 तृतीया | २२ 05 चौथी | २३ 06 पञ्चमी | २४ 07 षष्ठी |
| २५ 08 सप्तमी | २६ 09 अष्टमी | २७ 10 अष्टमी | २८ 11 नवमी | २९ 12 दशमी | | |

१ गते माघी पर्व/माघे संक्रान्ति। ५ गते सोनाम ल्होछार। ९ गते बसन्त पञ्चमी/सरस्वती पूजा (शिक्षण संस्था बिदा)। १६ गते सहिद दिवस।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

# बीमा योजना



गीताका छिमेकी श्रीधरको किराना पसलमा विद्युत सर्ट भएर आगो लागी हुँदा धेरै सामान नष्ट भयो । बीमा नगरेका कारण पसल पुनः सञ्चालन गर्न उनलाई निकै कठिन भएपछि छिमेकी गीता र उनका आफन्तको सहयोग लिनु पर्‍यो । यस घटनाले धेरै दुःख भोगेका उनलाई भविष्यका लागि जोखिम व्यवस्थापन र बीमाको महत्व बारे गीताले राम्रोसँग बुझाइन् ।

लक्ष्मी दिदी भन्नुहुन्छ,

- बीमाको फाइदाबारे बुझ्ने-बुझाउने गरौं ।
- आफ्नो घर, पसल तथा व्यवसायको समयमा नै बीमा गरौं ।
- जीवन बीमा, आवधिक बीमा गर्दा परिवारले भवितव्यमा प्राप्त गर्ने लाभबारे बुझौं ।




## फागुन २०८२ — Feb/Mar 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | | १ 13 एकादशी | २ 14 द्वादशी |
| ३ 15 त्रयोदशी | ४ 16 चतुर्दशी | ५ 17 औंसी | ६ 18 प्रतिपदा | ७ 19 द्वितीया | ८ 20 तृतीया | ९ 21 चौथी |
| १० 22 पञ्चमी | ११ 23 षष्ठी | १२ 24 सप्तमी/अष्टमी | १३ 25 नवमी | १४ 26 दशमी | १५ 27 एकादशी | १६ 28 द्वादशी |
| १७ 01 त्रयोदशी | १८ 02 चतुर्दशी | १९ 03 पूर्णिमा | २० 04 प्रतिपदा | २१ 05 द्वितीया | २२ 06 तृतीया | २३ 07 चौथी |
| २४ 08 पञ्चमी | २५ 09 षष्ठी | २६ 10 सप्तमी | २७ 11 अष्टमी | २८ 12 नवमी | २९ 13 दशमी | ३० 14 दशमी |

३ गते महाशिवरात्री। ६ गते ग्याल्पो ल्होछार। ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस। १८ गते फागु पूर्णिमा (हिमाली र पहाडी जिल्ला बिदा)। १९ गते फागु पूर्णिमा (तराई जिल्ला बिदा)। २४ गते अन्तर्राष्ट्रिय महिला दिवस।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

# वित्तीय ग्राहक संरक्षण




वार्षिक वित्तीय योजना बनाउँदै आएकी गीताले वर्षको अन्त्यमा आफ्नो वित्तीय विवरण हेरी नयाँ वर्षको योजना बनाउने गरेकी थिइन् । सोही उद्देश्यका साथ उनले आफ्नो बैंकमा गएर स्टेटमेन्ट मागिन् । तर, बैंकले दुई तीन पटक जाँदा पनि उनलाई स्टेटमेन्ट दिएन । त्यसपछि उनले बैंकको गुनासो सुन्ने अधिकारीलाई फोन गरिन् । सम्बन्धित ठाउँमा गुनासो पुर्‍याउँदा उनको काम तुरुन्तै भयो ।

## लक्ष्मी दिदी भन्नुहुन्छ,

- बैंकसँग कुनै जिज्ञासा वा गुनासो भएमा बैंकको टोल-फ्री नम्बर, सामाजिक सञ्जाल वा वेबसाइटको गुनासो समाधान पोर्टल मार्फत सम्पर्क गर्न सकिन्छ ।
- कुनै पनि वित्तीय सेवाबाट उचित समयमा सेवा प्राप्त नभएमा सुनुवाई डेक्समा गएर गुनासो राख्ने गरौं ।
- आफूले कारोबार गर्ने बैंकको शाखाको सम्पर्क नम्बर, गुनासो सुन्ने अधिकारीको फोन नम्बर र बैंकको आधिकारिक सामाजिक सञ्जालहरुबाट मात्र जानकारी लिने गरौं ।



## चैत्र २०८२ — Mar/Apr 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| १ 15 एकादशी | २ 16 द्वादशी | ३ 17 त्रयोदशी | ४ 18 चतुर्दशी | ५ 19 औँसी/प्रतिपदा | ६ 20 द्वितीया | ७ 21 तृतीया |
| ८ 22 चौथी | ९ 23 पञ्चमी | १० 24 षष्ठी | ११ 25 सप्तमी | १२ 26 अष्टमी | १३ 27 नवमी | १४ 28 दशमी |
| १५ 29 एकादशी | १६ 30 द्वादशी | १७ 31 त्रयोदशी | १८ 01 चतुर्दशी | १९ 02 पूर्णिमा | २० 03 प्रतिपदा | २१ 04 द्वितीया |
| २२ 05 तृतीया | २३ 06 चौथी | २४ 07 पञ्चमी | २५ 08 षष्ठी | २६ 09 सप्तमी | २७ 10 अष्टमी | २८ 11 नवमी |
| २९ 12 दशमी | ३० 13 एकादशी | | | | | |

४ गते घोडे जात्रा (काठमाडौं उपत्यका बिदा)। १२ गते चैते दशैं । १३ गते राम नवमी।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

# बुझौँ र बुझाऔँ

नभरेको चिट्ठा पर्दैन भन्ने बुझौँ, कुनै आर्थिक प्रलोभनमा परेर आफ्नो गोप्य विवरण कसैलाई दिनु हुन्न भन्ने कुरा अरुलाई पनि बुझाऔँ।

अनलाइन सपिङ्ग (किनमेल) गर्दा बिक्रेताको विश्वसनीयता बारे बुझौँ र बुझेर मात्र सामान खरिद गर्नुपर्ने कुरा अरुलाई पनि बुझाऔँ।

आफ्नो खाता अरुलाई चलाउन दिनुहुन्न भन्ने बुझौँ, पैसाको लोभमा नपर्न र बैंक खाताको सुरक्षाबारे अरुलाई पनि बुझाऔँ।

बैंकले कहिलै पनि व्यक्तिगत तथा गोप्य विवरण माग्दैन भन्ने बुझौँ, OTP, Password, Pin Code, CVV को सुरक्षित प्रयोग बारे अरुलाई पनि बुझाऔँ।

कसैले धम्काएको भरमा पैसा पठाउनु हुँदैन भन्ने बुझौँ, यस्तो गैरकानुनी कुराबारे अरुलाई पनि बुझाऔँ।

नमगाएको सामान पाइने आश्वासनमा पारेर, भन्सार बापतको शुल्क मागेर ठग्ने कामबारे बुझौँ, अनावश्यक भन्सार एवमं कुरियर चार्जको नाममा पैसा पठाउन नहुने कुरा अरुलाई पनि बुझाऔँ।

डिजिटल बैंकिङको प्रयोगबाट हुने फाइदाबारे बुझौँ, यसको फाइदासँगै जोखिमबारे अरुलाई पनि बुझाऔँ।

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

## आर्थिक स्वतन्त्रताबारे बुझौँ
## वित्तीय शोषण रोकौँ

तपाईंको आर्थिक स्वतन्त्रता अमुल्य छ । कतै तपाईंको परिवार वा आफन्तहरुले तपाईंको आर्थिक श्रोतमाथि नियन्त्रण त गरिरहेका छैनन् ? थप जानकारीका लागि यो भिडियो हेर्नुहोस्।

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

भिडियो हेर्न यहाँ स्क्यान गर्नुहोस्

#empowerfinance



* यस क्यालेन्डरमा प्रयोग भएका फोटोहरु AI बाट बनाइएका हुन् ।

नोट : वर्ष समाप्ति पश्चात् यस क्यालेन्डरलाई गाताको रुपमा पुन:प्रयोग गर्न सकिनेछ।

सौजन्य : लक्ष्मी सन्राइज बैंक